# फूल रिमोट एकेडेमी

**(Full Remote Academy)**

**अभिभावकको लागि जानकारी**


**फूल रिमोट एकेडेमीले वास्तवमा के प्रस्ताव गर्दछ?**
**मैले मेरो बच्चालाई फूल रिमोट एकेडेमीमा कसरी भर्ना गराउने?**
**के मेरो बच्चा अझैपनि उनीहरूको हाल निर्दिष्ट गरिएको विद्यालयको हिस्सा हुनेछ?**
**मेरो बच्चाको दिन कस्तो हुनेछ?**
**मेरो बच्चालाई कसले सिकाउनेछ?**
**फूल रिमोट एकेडेमीलाई अन्य अध्ययन गर्ने मोडेलहरूसँग कसरी तुलना गरिन्छ?**
**यो मेरो बच्चाको लागि सही छ भनी मलाई कसरी थाहा हुन्छ?** (EC, ESL र TD को बारेमा जानकारी समावेश हुन्छ)
**वर्षभरी केही कुरा परिवर्तन भएमा म मेरो गृह विद्यालयमा वा छनोट गरेको विद्यालयमा फर्किन सक्छु? के भविष्यमा यस्तो खालको विकल्प हुनेछ?**
**मेरो बच्चा हाल म्याग्नेट (magnet) मा नामांकित भएमा कस्तो हुन्छ?**


## *फूल रिमोट एकेडेमी*ले वास्तवमा के प्रस्ताव गर्दछ?

- विद्यार्थीहरूले घरबाटै कठिन र संलग्न हुने पाठ्यक्रम तथा निर्देशनमा पूरा पहुँच कायम राख्नेछन्।
- रिमोट एकेडेमीमा प्रस्तावित पाठ्यक्रम व्यक्तिगत रूपमा निर्देशन प्राप्त गर्ने हाम्रा विद्यार्थीहरूलाई प्रस्ताव गरिएको समान पाठ्यक्रम हो।
- "रिमोट" को तुलनामा "भर्चुअल" - भर्चुअल अध्ययन विद्यालयमा हुन सक्छ र प्रायः हुन्छ। तुलना अनुसार, "रिमोट" अध्ययनमा विद्यार्थीहरू अध्ययनमा पहुँच प्राप्त गर्नको लागि विद्यालय आउनुपर्दैन।

## मैले मेरो बच्चालाई फूल रिमोट एकेडेमीमा कसरी भर्ना गराउने?

- भर्ना लिङ्क CMS वेबसाइटमा उपलब्ध छ र CMS सामाजिक सञ्जाल मार्फत सार्वजनिक गरिएको छ।
- भर्ना सझ्याल शुक्रबार, जुलाई 17 मा खुल्छ र आइतबार जुलाई 26 मा राती 11:59 बजे बन्द हुन्छ।
- विद्यार्थीहरूले फूल रिमोट एकेडेमीका लागि आफ्नो भर्ना पूरा गर्नुअघि उनीहरू CMS विद्यालयमा नामांकित हुनुपर्छ।

## के मेरो बच्चा अझैपनि उनीहरूको हाल निर्दिष्ट गरिएको विद्यालको हिस्सा हुनेछ?

- हुनुहुनेछ। तपाईंको बच्चा उनीहरूको हालको विद्यालयमा निर्दिष्ट रहनुहुनेछ। उनीहरूले यो अवसरको फाइदा लिन आफ्नो सिट छोड्नुपर्दैन।

## मेरो बच्चाको दिन कस्तो हुनेछ?

- तपाईंको बच्चासँग निरन्तर दैनिक कार्यतालिकामा संरचित *सिन्क्रोनस* अध्ययन समयका साथै *एसिन्क्रोनस* क्रियाकलापहरू हुनेछन् जुन तपाईंको परिवारको लागि काम गर्ने तालिकामा पूरा गर्न सकिन्छ।
    - **सिन्क्रोनस अध्ययन समय भनेको** शिक्षकसँगको प्रत्यक्ष निर्देशन हो। शिक्षकसँगको प्रत्यक्ष निर्देशनले तपाईंको बच्चाको दिन (लगभग 2 घण्टा) को लगभग 30-40% सम्म हुनेछ र सम्बन्ध बनाउने प्राथमिकता, साथीहरूसँग अन्तरक्रिया, नयाँ अध्ययन र व्यक्तिगिकरण सहायताका लागि अवसरहरू मिल्नेछ।
    - **सिन्क्रोनस अध्ययन समयमा** तल दिइएका तत्वहरूका समायोजनहरू समावेश हुनेछन् र तपाईंको परिवारको लागि काम गर्ने तालिकामा दिनभरीमा पूरा गर्न सकिन्छ। यी तत्वहरू विकासात्मक रूपमा उचित तरिकाले सबै उमेरका विद्यार्थीहरूमा देखा पर्नेछन्। एसिन्क्रोनस अध्ययन तपाईंको बच्चाको दिन (लगभग 4 घण्टा) को लगभग 60-70% सम्म हुनेछ। एसिन्क्रोनस अध्ययनका अवसरहरूमा निम्न कुराहरू समावेश हुनेछन्:
        - तपाईंको बच्चाको शिक्षक वा CMS विशेषज्ञहरूद्वारा रेकर्ड गरिएको निर्देशन;

- सीपहरू वा ज्ञान बढाउन वा अध्ययन अभ्यास गर्न र सुदृढ बनाउन (डिजिटल वा व्यावहारिक) निर्दिष्ट गरिएका क्रियाकलापहरू; र
- (निर्दिष्ट गरिएको र व्यक्तिगत रोजाइको पठन) पठन।

**मेरो बच्चालाई कसले सिकाउनेछ?**

- K-8 मा, रिमोट एकेडेमीका शिक्षकहरू उक्त विकल्पमा प्रतिबद्ध हुनेछन् - तपाईंको बच्चाको निर्देशन उनीहरूको प्रमुख जिम्मेवारी हो।
- धेरैजसो अवस्थाहरूमा, तपाईंको बच्चाको शिक्षक उनीहरूको हाल निर्दिष्ट गरिएको विद्यालयको शिक्षक हुनुहुनेछ।
- तपाईंको बच्चाको विद्यालय/कक्षाबाट थोरै विद्यार्थीहरू मात्र छन् भने, तपाईंको बच्चालाई अर्को विद्यालयमा आधारित रेकर्ड भएको शिक्षकलाई नियुक्त गर्न सकिनेछ। तपाईंको बच्चा अझैपनि आफ्नो हालको विद्यालयमा नामांकित हुनुहुनेछ - उहाँहरू आफ्नो शिक्षकसँग नियुक्त हुनको लागि मात्र क्रस-नामांकित हुनुहुनेछ।

- तपाईंको बच्चा उनीहरूको फूल रिमोट एकेडेमी जाने ग्रेड/विद्यालयको मात्र विद्यार्थी हुनुहुन्छ भने दण्डको घटना बाहेक, तपाईंको बच्चालाई सधैँ उनीहरूको हालैको विद्यालय असाइनमेन्टबाट साथीहरूको कलस्टरमा-निर्दिष्ट गरिनेछ। यो उत्पन्न भएमा चिन्ता नलिनुहोस् – तपाईंको बच्चाको शिक्षकले सबै बच्चालाई  न्यानो स्वागत र संलग्नता महसुस गराउनका लागि स्वेच्छापूर्वक सम्बन्धहरू बनाउनुहुनेछ।

**फूल रिमोट एकेडेमीलाई अन्य अध्ययन गर्ने मोडेलहरूसँग कसरी तुलना गरिन्छ?**

- **रिमोट एकेडेमी सामग्री, निर्देशन र मूल्याङ्कन भएको अन्य सबै डिस्ट्रिक्ट मोडेलहरूमा पूर्ण रूपमा पंक्तिबद्ध छ।**
- **बाँकी डिस्ट्रिक्ट A, B र C मोडेलहरूको बीचमा सर्दा टाढै रहनेछ।**

**यो मेरो बच्चाको लागि सही छ भनी मलाई कसरी थाहा हुन्छ?**

- आफ्नो परिवारको स्वास्थ्य र व्यक्तिगत गतिशीलतामा ध्यान दिनुहोस्।
- सामाजिक अन्तरक्रिया, अध्ययन वातावरणमा अनुकूलता, स्क्रिन समयको लागि सहनशीलता र ध्यान-केन्द्रितको लागि तपाईंको बच्चाका आवश्यकताहरू के-के हुन्?

- डिस्ट्रिक्टले तपाईंको बच्चाको विशेष आवश्यकताहरूको आधारमा सबै सम्भावित सहायताहरू गरिएका छन् भनी सुनिश्चित गर्न तपाईंको बच्चाको शिक्षक, शैक्षिक सहायता र विशेष किसिमका बालबालिका (EC), दोस्रो भाषाको रूपमा अङ्ग्रेजी (ESL) र प्रतिभाको विकास (TD) टोलीको बीचमा कसिलो सहकार्य सुनिश्चित गर्नेछ। उदाहरणका लागि:

  EC स्रोत सेवाहरू प्राप्त गर्ने विद्यार्थीहरूले आफ्ना निम्न IEP लक्ष्यहरूमा आधारित भई निम्नमध्ये कुनै पनि वा सबै तरिकाले आफ्नो सेवा समय प्राप्त गर्न सक्छन्:

  - EC शिक्षकले उनीहरूको IEP मा पहिचान गरिएका क्षेत्र(हरू) मा सानो समुह सहायताभित्र उनीहरूलाई राख्ने;
  - EC शिक्षकले थप सहायता उपलब्ध गराउनको लागि सामान्य शिक्षा शिक्षकसँग सिन्क्रोनस निर्देशनबारे सह-शिक्षण गर्ने; र
  - EC शिक्षकले तपाईंको बच्चालाई उनीहरूको लक्ष्यतर्फ पुनरावृत्त अभ्यास दिन परिमार्जित वा वैकल्पिक एसिन्क्रोनस निर्देशन (शिक्षण र अभ्यास क्रियाकलापहरू सुनिश्चित गर्ने) उपलब्ध गराउनेयो तपाईं
- तपाईंको बच्चाको लागि उपयुक्त हुन्छ भन्ने कुरामा तपाईं सुनिश्चित हुनुहुन्न भने, हामी तपाईंलाई आफ्नो बच्चाको हालैको विद्यालयमा सम्पर्क गर्न र तपाईंको बच्चाको नजिकै काम गर्ने अघिल्ला शिक्षक, परामर्शदाता, प्रदायक वा अन्य व्यक्तिबाट निवेश गर्नका लागि अनुरोध गर्न सिफारिस गर्दछौं।

**के वर्षभरी केही परिवर्तनहरू भएमा विद्यालय वर्षभरी मेरो बच्चा रिमोट एकेडेमीबाट निस्कन र व्यक्तिगत निर्देशनमा फर्कन सक्छ?**

- सक्नुहुन्छ। वर्षभरी केही कुरा परिवर्तन भएमा विद्यार्थीहरू रिमोट एकेडेमीबाट आफ्नो गृह विद्यालयमा वा छनोट गरेको विद्यालयमा व्यक्तिगत निर्देशनमा पारगमन हुन सक्छन्। यसैगरी, विद्यार्थीहरू विद्यालय वर्षभरी व्यक्तिगत निर्देशनबाट दूर एकेडमीमा पारगमन हुन पनि सक्छन्। निर्देशनमा ट्रान्जिसनहरू मध्य-वर्ष, पहिलो सेमेस्टरको अन्त्यमा सम्भव हुनेछन्। विद्यार्थी र विद्यालयका लागि सरल ट्रान्जिसन निर्माण गर्न मद्दत गर्नको लागि उक्त समयसम्म नित्तृत्व गर्ने चरणहरूबारे सञ्चार गरिनेछ।

- व्यक्तिगत वा हाइब्रिड मोडेलमा निर्देशन कडाइका साथ पङ्क्तिबद्ध गरिनेछ, जसकारण तपाईंको बच्चा अध्ययनमा अवरोध नपुर्‍याइकन सरल ट्रान्जिसनमा फर्कन सक्षम हुनुहुनेछ।
- वर्षको अन्त्यमा, तपाईंको बच्चालाई हाल निर्दिष्ट गरिएको विद्यालय (त्यो गृह विद्यालय वा रोजाइको विद्यालय जुनसुकै भएपनि) मा फर्कन पूर्वनिर्धारित गरिनेछ।

**के यो भविष्यमा एउटा विकल्प हुनेछ?**

- अत्याधिक परिवारहरूले स्वास्थ्य सम्बन्धी चिन्ताहरूका कारण रिमोट विकल्प चाहन्छन् भन्ने ज्ञानमा आधारित रहेर यो विशिष्ट मोडेल चयन गरिएको छ। Covid-19 को खतरा समाप्त भइसकेपछि, हामीले "विद्यालयभित्रको विद्यालय" रिमोट विकल्प प्रस्ताव गर्न असम्भव छ। यद्यपि, अर्को वर्षमा हाम्रा अभ्यासहरूले हाम्रो हालको CMS भर्चुअल हाइ स्कूलसँग समान भएको कम ग्रेडहरूमा विस्तार गर्ने भर्चुअल म्याग्नेट (Virtual Magnet) को लागि सम्भावित रूपमा मूलसिद्धान्त हटाउनेछन्। हामीले 2020-21 मा हाम्रो अभ्यास बारे सूचना दिएर मात्र नभएर हाम्रा अघि बढिरहेका विकल्पहरू बारे पूर्ण रूपमा सूचित गराउन पनि वर्षभरि परिवार तथा विद्यालयहरूबाट इनपुट खोज्नेछौं।

**मेरो बच्चा हाल म्याग्नेटमा नामांकित भएमा कस्तो हुन्छ?**

- हामीले यो मोडेलमा जाने विद्यार्थीहरूको बारेमा पूर्ण जानकारी सङ्कलन नगर्दासम्म, हामीले प्रत्येक म्याग्नेटको पूर्ण रिमोट संस्करण डेलिभरी गर्ने प्रतिज्ञा गर्न सक्दैनौं। पर्याप्त विद्यार्थीहरूले निश्चित प्रकारको म्याग्नेटबाट नामांकन गर्ने सम्भावना छ जुन हामी मन्टेश्वरी लेन्स वा अतिरिक्त कलाहरू, STEAM वा भाषा सम्बन्धी दृष्टिकोणमा रिमोट कक्षाहरू डेलिभर गर्न सक्षम हुन सक्छौं। यद्यपि, यो विद्यार्थी र कर्मचारीको संख्यामा भर पर्नेछ र तपाईंलाई पूर्ण रूपमा म्याग्नेटमा सहभागी हुनका लागि व्यक्तिगत मोडेलमा फर्कन आवश्यक पर्नेछ।

- रिमोट एकेडेमीमा भर्ना भएर, कृपया तपाईंले एकेडेमीमा आफ्नो सहभागीताको अवधिमा विशेष अनुभवका केही वस्तुहरू त्याग्नुहुन्छ भनी बुझ्नुहोस्। यद्यपि, <u>उक्त म्याग्नेट विद्यालयमा तपाईंको बच्चाको स्थान नियोजन सुरक्षित छ</u> र तपाईंले चाँडै निकाल्नुभएन भने उनीहरूलाई विद्यालय वर्षको अन्त्यमा आफ्नो म्याग्नेट असाइनमेन्टमा फर्कन पूर्वनिर्धारित गरिनेछ।

- 2021-22 विद्यालय वर्षमा म्याग्नेट प्रक्रिया खुल्दा तपाईं अन्य कुनै पनि विद्यालयको भएपनि सबै CMS म्याग्नेट विकल्पहरूमा पूर्ण पहुँच गर्न पाउनुहुनेछ।
- हामीले त्यहाँ निश्चित कार्यक्रमहरू छन् भन्ने कुरा बुझ्दछौं - प्राथमिक रूपमा भाषा सम्बन्धी कार्यक्रमहरू- जसमा विद्यार्थीहरूलाई अभ्यास र अनावरणको स्तरलाई कायम राख्न आवश्यक पर्छ। हामीले यी आवश्यकताहरू उपलब्ध गराइएका छन् भनी सुनिश्चित गर्नको लागि म्याग्नेट कार्यक्रम तथा विद्यालय छनोट कार्यालयका साथ साथै तपाईंको बच्चाको विद्यालयमा काम गर्नेछौं।